**आकाशवाणी समाचार- नेपाली**
**मितिः २६ अप्रेल २०२६**
**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको आफ्नो दुई दिने भ्रमणको दोस्रो दिन आज हरदोईमा गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुहुनेछ।

२. पश्चिम बङ्गालमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको मतदान १४२ सिटहरूमा आज कडा सुरक्षाको साथमा शुरु भएको छ।

३. गुजरातमा स्थानीय निकाय चुनावमा भाजपाले भारी जित हासिल गरेको छ।

४. संयुक्त अरब अमीरातले पेट्रोलियम निर्यात गर्ने देशहरूको संगठन ओपेकबाट बाहिरिने घोषणा गरेको छ।

५. आईपीएल क्रिकेटमा, हिजो राजस्थान रॉयल्सले पंजाब किंग्सलाई छ विकेटले पराजित गरेको छ।

**प्रधानमंत्री उत्तरप्रदेश**

प्रधान मन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको आफ्नो दुई दिने भ्रमणको दोस्रो दिन आज हरदोईमा गंगा एक्सप्रेसवेको उद्घाटन गर्नुहुनेछ। सो अवसरमा उहाको जनसभालाई सम्बोधन गर्ने कार्यक्रम छ। हाम्रो संवाददाताका अनुसार यो ५९० किलोमिटर लामो, छ लेनको गंगा एक्सप्रेसवे एक ग्रीनफिल्ड हाई-स्पीड कोरिडोर हो जो लगभग करिब ३६ हजार २ सय ३० करोड रुपैयाँको लागतमा निर्मित द्रुत गतिको मार्ग हो। यसअघि हिजो प्रधानमन्त्रीले वाराणसीमा आयोजित महिला सम्मेलनलाई सम्बोधन गर्नुभएको थियो। उहाले महत्वपूर्ण विषयमा निर्णय प्रक्रियामा महिलाको भूमिका हुनुपर्नेमा जोड दिनुभयो। प्रधान मन्त्रीले विपक्षी दलहरूले संसदमा नारी शक्ति वन्दन विधेयकको विरोध गरेर महिलाहरूलाई धोका दिएको आरोप लगाउनु भयो।

**दोस्रो चरण- चुनाव**

पश्चिम बङ्गालमा विधानसभा चुनावको दोस्रो र अन्तिम चरणको मतदान १४२ सिटहरूमा आज कडा सुरक्षाको साथमा शुरु भएको छ। प्रत्येक बुथमा पर्याप्त संख्यामा अर्धसैनिक बलहरूलाई तैनात गरिएको छ। कोलकाता, हावड़ा सहित 7 जिल्लहरूमा मदान बिहान 7 बजे देखि साँझ 6 बजी सम्म सम्पन्न गराईनेछ। यस अन्तिम चरणको चुनाव रहल 7 जिल्लाहरूका कूल 142 सीटमा मतदान गराईने छ भने मतदाताहरूले 1,448 उममेद्वारहरूो भग्यको फैसला गर्नेछन्।

**गुजरात-स्थानीय निकाय चुनाव**

गुजरातमा स्थानीय निकाय चुनावमा भाजपाले भारी जित हासिल गरेको छ। यसले राज्यका सबै प्रमुख नगर निगमहरू कब्जा गरेको छ। यसैबीच गुजरातका जनताप्रति आभार व्यक्त गर्दै प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो, जनादेशले राज्य र भाजपाबीचको सम्बन्धलाई अझ बलियो बनाउनेछ। उहाले भन्नुभयो मतदाताहरूले सुशासनको राजनीति र राज्य सरकारले गरिरहेको विकास कार्यहरूमा फेरि विश्वास व्यक्त गरेका छन्। यस्तै गृहमन्त्री अमित शाह र भाजपा अध्यक्ष नितिन नवीनले नगर निगम, नगरपालिका, जिल्ला पञ्चायत र तालुक पञ्चायत चुनावमा भाजपाको ऐतिहासिक विजयका लागि गुजरातका जनतालाई बधाई दिएका छन्।
स्थानीय निकायमा नौ हजार दुई सयमध्ये भाजपाले सात हजार चार सय चौबिस सिट जितेको छ। कांग्रेसले एक हजार सात सय बीस सिट मात्र जितेको छ। अन्य दलले सातसय चालीस सिट जितेका छन्।

**महाराष्ट्र – बीजेपी-उम्मीदवार**

भारतीय जनता पार्टीले महाराष्ट्र विधान परिषदको नौ सिटका लागि हुने द्विवार्षिक चुनावका लागि आफ्ना उम्मेदवारहरूको घोषणा गरेको छ। चुनाव १२ मे मा हुँदैछ। पार्टीले **विनायक कर्जतकर, माधवी नाइक, संजय भेंडे, विवेक कोल्हे** र **प्रमोद जठार**लाई उम्मेदवार बनाएको छ। निर्वाचन तालिकाअनुसार नामाङ्कन भर्ने अन्तिम मिति अप्रिल ३० सम्म तोकिएको छ। नामांकन पत्रको जाँच २ मे मा हुनेछ भने उम्मेदवारहरूले मे ४ सम्म नाम फिर्ता लिन सक्छन्।

**राष्ट्रपति - अटल सुरंग दौरा**

राष्ट्रपति द्रौपदी मुर्मूको रोहताङको अटल सुरुङको प्रस्तावित भ्रमण रद्द गरिएको छ। मौसममा बिग्रँदो हालत हावाहुरी, वर्षा र हिमपातको सम्भावनाका कारण यस्तो निर्णय गरिएको आधिकारिक स्रोतले जनाएको छ। हिमाचल प्रदेशको भ्रमणका क्रममा राष्ट्रपतिले अटल सुरुङको निरीक्षण गर्ने र सीमा सडक संगठनका अधिकारीहरूसँग अन्तरक्रिया गर्ने कार्यक्रम थियो।

**गोयल - विश्व बौद्धिक संपदा दिवस**

केन्द्रीय वाणिज्य अनि उद्योग मंत्री पीयूष गोयलले भन्नुभयो देशको बौद्धिक संपदा क्षमताको पूर्ण लाभ उठाउनका लागि नवाचार र बौद्धिक संपदालाई मिलेर उपयोग गर्नु पर्नेछ। उहाँले प्रत्येक नयाँ विचारलाई सुरक्षित संपदामा रुपान्तरण गर्ने आह्वान गर्नुभयो। हिजो नयाँ दिल्लीमा विश्व बौद्धिक संपदा दिवसको समापन सत्रमा श्री गोयलले नव-प्रवर्तकहरु, विद्यार्थिहरु अनि अन्य संबंधित पक्षहरुसित पेटेंट, ट्रेडमार्क अनि अन्य बौद्धिक संपदा उपायहरुको माध्यमबाट विचारहरु पंजिकरण गर्ने आग्रह गर्नुभयो।
श्री गोयलले खेलहरुसित संबंधित बौद्धिक संपदा पंजीकरणका लागि तीन वर्ष सम्म शुल्क माफ गर्ने घोषणा गर्नुभयो। उहाँले भन्नुभयो देशमा खेल पारिस्थितिकीमा नवाचारलाई बढ़ावा दिने विशेष उपायको रूपमा यो निर्णय गरिएको हो। श्री गोयलले भन्नुभयो यस पहलको उद्देशय युवा नव-प्रवर्तकहरु अनि उद्यमिहरुलाई प्रोत्साहित गर्न तथा समग्र बौद्धिक संपदा पारिस्थितिकी लाई बलियो गर्दै विचारहरुको संरक्षण अनि वाणिज्यिकरणलाई बढ़ावा दिनु हो।

**अश्विनी वैष्णव एआई हब**

रेल, इलेक्ट्रॉनिक्स अनि सूचना प्रौद्योगिकी तथा सूचना एव प्रसारण मंत्री अश्विनी वैष्णवले भन्नुभयो प्रधानमंत्री नरेंद्र मोदीको 'मेक इन इंडिया' विजन अन्तर्गत भारत एक भरोसायोग्य वैश्विक इलेक्ट्रॉनिक्स विनिर्माण केंद्र बनिरहेको छ। श्री वैष्णवले आंध्र प्रदेशका मुख्यमंत्री एन. चंद्रबाबू नायडूसित हिजो विशाखापट्टनममा गूगल क्लाउड इंडिया एआई हबको आधारशिला राख्नुभयो। यस अवसरमा उहाँले भन्नुभयो, देश ठुलो मात्रामा इलेक्ट्रॉनिक्स निर्माण, सेमीकंडक्टर उत्पादन, उन्नत चिप डिजाइन अनि आर्टिफिशियल इंटेलिजेंसको क्षेत्रमा तिव्र गतिमा अघि बढिरहेको छ।

**इक्वेडोर विदेश मंत्री दौरा**

इक्वेडरकी विदेश मन्त्री गैब्रीला सोमरफील्डको तीन दिने भारत भ्रमण आजबाट सुरु हुँदैछ। उहाँले विदेशमन्त्री डा. एस जयशंकरसँग भेटवार्ता गर्नुहुनेछ। त्यसपछि श्रीमती गब्रिलाको राजघाटस्थित गान्धी समाधिमा पुष्पगुच्छा अर्पण गर्ने कार्यक्रम रहेको छ। उहाँसँगै केन्द्रीय स्वास्थ्य एवम् परिवार कल्याण मन्त्री जे.पी. नड्डाले वाणिज्य र उद्योग मन्त्री पीयूष गोयल र विदेश राज्य मन्त्री पवित्रा मार्गारिटासँग पनि भेट गर्ने कार्यक्रम छ।

**यूएई ओपेक**

संयुक्त अरब अमीरातले १ मे देखि पहिलोपटक ओपेकबाट बाहिरिने घोषणा गरेको छ। यसले विश्वव्यापी तेल आपूर्ति र मूल्यमा ओपेकको पकड कमजोर बनाउन सक्छ। युएईको यो निर्णय लामो समयदेखि चर्चामा थियो, किनकि यो ओपेकको उत्पादन कोटाबाट असन्तुष्ट थियो। उनका अनुसार कम कोटाका कारण आफूले चाहेजस्तो तेल विश्वलाई बेच्न पाएका थिएनन्। यद्यपि, ओपेकबाट युएईको बहिर्गिनुले बजारमा तत्काल ठूलो प्रभाव पार्ने सम्भावना छैन, किनकि इरान युद्धका कारण होर्मुज जलडमरूमध्य बन्द छ र विश्वव्यापी तेल आपूर्ति पहिले नै प्रभावित भइसकेको छ।

**नेपाल-चीन दीवार**

नेपाल–चीन सिमानामा चीनले भोटेकोशी नदीको किनारमा चिनियाँ पक्षबाट बनाइएको सुरक्षा पर्खालको

नेपालले कडा विरोध गरेको छ। चीनले गरिरहेको यो निर्माण कार्य सन् १९६३ मा दुई देशबीच भएको सीमा सम्झौताको उल्लंघन भएको नेपाली अधिकारीहरुले बताएका छन्। सहमतिअनुसार कुनै पनि अन्तर्राष्ट्रिय सीमामा कुनै निर्माण गर्नु पूर्व एक अर्कालाई पूर्व सूचना दिनुपर्ने छ। यसले नदीलाई डाइभर्ट गरेर नेपाललाई नोक्सान पुरयाउन सक्ने नेपालको चिन्ता छ। नेपालको विदेश मन्त्रालयले निर्माण कार्य तत्काल रोक्न चीनसँग आग्रह गरेको छ।

**आईपीएल**

आईपीएल क्रिकेटमा, हिजो राजस्थान रॉयल्सले पंजाब किंग्सलाई छ विकेटले पराजित गरेको छ। 223 रनको लक्ष्य पछयाउदै, राजस्थान रॉयल्सले 19 ओवर 2 बलमा 4 विकेटको नुकसानी 228 बनाएर मैच जीतेको हो। राजस्थान रॉयल्सका लागि, डोनोवन फरेराले अवजित 52 रन बनाए अनि उनीलाई प्लेयर ऑफ द मैच चुनियो। आज मुंबईको वानखेडे स्टेडियममा मुंबई इंडियंस सनराइजर्स हैदराबाद बीच बेलुकी साढे सात बजेदेखि शुरु हुनेछ।

***************